# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
भोटेकोशी गाँउपालिका,
फुल्पिङकट्टी,सिन्धुपाल्चोक ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट भोटेकोशी गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.८ करोड १६ लाख ४ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने बेरुजू रु.७५ लाख ९३ हजार, अनियमित बेरुजू रु.६ करोड ७४ लाख ७० हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२ लाख ४१ हजार र पेश्की बाँकी देखिएको रु.६३ लाख बेरुजू रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २० यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक

# भोटेकोशी गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश न. ३ मा अवस्थित यो गाँउपालिका अर्न्तगत ५ वडा रहेको २९ गाँउसभा सदस्य २७८ व.की.मी. क्षेत्रफल, १७१५६जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम भोटेकोशी गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## आय-व्यय विवरण २०७४/७५

| सि.नं. | आयतर्फ | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **१३३९७५६९.५२** | १ | **वितीय समानिकारण बाट खर्च** | १३८५५३३२०.२० | **१३८५५३३२०.२०** |
| | क) संचित कोष | ३०११५०.०० | | २ | **सशर्त अनुदान खर्च** | ५४६९२८३७.३९ | **५४६९२८३७.३९** |
| | ख) चालु कोष | ३०८५८३९.०० | | ३ | **जेष्ठ नागरिक सा सु** | २५७४९६००.०० | **२५७४९६००.००** |
| | ग) पुजिगत कोष | | | ४ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | | **१९८९२७१.००** |
| | ङ) साविकका गाविस खाताबाट | १००१०५८०.५२ | | | क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | ३०६८२८.०० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१४७७९५१२.०१** | | ख) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत | ४१६२८१.०० | |
| | क) आन्तरिक राजस्व | १४७७९५१२.०१ | | | घ) दुर्गम क्षेत्र विकास कार्यक्रम | १२६६१६२.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **२२५०७५०००.००** | ५ | **मुल खाताबाट खर्च** | २१११२४३.०० | **२१११२४३.००** |
| | क) वित्तीय समानीकरण अनुदान | १४१४२२०००.०० | | ६ | **बेरुजु दखिला** | ३३६३९३३.८ | **३३६३९३३.८०** |
| | ख) सशर्त अनुदान | ५६६३१०००.०० | | ८ | **जम्मा खर्च** | | **२२६४६०२०५.३९** |
| ४ | **जेष्ठ नागरिक सा.सु.** | २७०२२०००.०० | | ९ | **मौज्दात** | | **४००९६०२९.१४** |
| ५ | **विषयगत निकायबाट प्राप्त रकम** | | **१२९६७३५३.००** | | क) संचित कोष मौज्दात | ४००९६०२९.१४ | |
| | क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( पुजिगत) | ६०००००.०० | | | | | |
| | ख) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( चालु) | ४६००००.०० | | | | | |
| | ग) बाढी क्षतिपुर्ति तथा तातोपानी धारा | ७५३४३५३.०० | | | | | |
| | घ) दुर्गम क्षेत्र विकास कार्यक्रम | ४३७३०००.०० | | | | | |
| ६ | सा सु फिर्ता | ३३६८००.०० | **३३६८००.००** | | | | |
| | **जम्मा** | **२६६५५६२३४.५३** | **२६६५५६२३४.५३** | | **जम्मा** | **२६६५५६२३४.५३** | **२६६५५६२३४.५३** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आगामी दिनमा मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिनुपर्दछ। | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिएको छैन । यसले गर्दा ऐन नियमको पालना भएको देखिएन । कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी प्राप्त भएपछि मात्र खर्च गर्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| ३. | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।गाँउपालिकाले आगामी वर्षको निती तथा कार्यक्रमको प्राथमिकिकरण निर्धारण गरेको छैन । कार्यक्रमको प्राथमिकता निर्धारण हुन नसक्नु, कार्यक्रम अनुसार कार्य गर्न नसक्नुले कार्यालयको कार्यदक्षतामा कमि आएको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्य गरि लक्ष्य अनुसारको प्रगति हासिल गर्न कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनुपर्ने देखिन्छ । | |
| ४. | **स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम भोटेकोशी गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । नियमावलीले निर्दिष्ट गरेको प्रकृया अनुसार कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्ने र सम्पन्न भएपछि प्रगति प्रतिवेदन तयार गर्नुपर्नेतर्फ ध्यानाकर्षण हुनुपर्दछ । | |
| ६. | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसार चौमासिक खर्च गरेको देखिएको छ । आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । आर्थिक | |

वर्षको अन्त्य अर्थात तेस्रो चौमासिकमा विनियोजित रकमको ठूलो अंश खर्च हुनुमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश कार्यक्रम आषाढ महिनामा गरिनाले तेस्रो चौमासिक र आषाढमा बढी खर्च भएको देखिन्छ । यसरी खर्च गरिंदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, कामको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ । गांउपालिकाले आफूले संचालन गर्ने कार्यक्रमको चौमासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य संचालन र खर्च गर्नुपर्दछ ।

| | बजेटउपशिर्षक | कुलखर्च | तेस्रोचौमासिक | प्रतिशत | आषाढमहिना | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वित्तियसमानीकरणअनुदान - पूंजिगत | १०९४९४०९३ | १०९४९४०९३ | १०० | ६३९३९८२९ | ५८.४० |

७. **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी १७ रहेपनि पदपूर्ति ८ रहेको देखियो । अधिकृत सहित ९ पद रिक्त रहेका छन । उक्त पदमा करार कर्मचारी राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरु पदपूर्ति गर्नेवा दरवन्दी पुनरावलोकन गर्ने सम्बन्धमा तालुक निकायको ध्यान जानुपर्ने देखिन्छ ।

८. **बजेट तथा कार्यक्रम प्रकाशित नभएको** : स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को ५.७.२(ङ) मा सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्ने र गाउंपालिकाको वेबसाइटमा समेत राख्नुपर्ने व्यवस्था छ । सभाले स्वीकृत गरेको बजेटको कार्यक्रम प्रकाशन गरेको र वेवसाइटमा समेत राखेको देखिएन । सर्वसाधारणको जानकारीको लागि स्वकिृत वजेट प्रकाशन गर्नुका साथै वेवसाइटमा राख्नुपर्दछ ।

९. **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

१०. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा साविकका गाँउविकास समिति श्रीनगर र कालिकाले खरिद वा हस्तान्तरणबाट प्राप्त भएका मालसामानहरुको भोटेकोशी गाँउपालिकालाई मालसामानको जिम्मेवारी हस्तान्तरण गरेको छैन । यसरी सम्पत्तिको अभिलेख तथा जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा साविकका गाँउविकास समितिसँग रहेका जिन्सी मालसामानहरु भोटेकोशी गाँउपालिकाको जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

११. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ विकास समितिहरुका बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख

| | | |
|---|---|---|
| | गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १२. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । यो आर्थिक वर्षमा यस गाँउपालिकाले आन्तरिक खातावाट कर्मचारी कल्याण खाता प्रयोजनमा ल्याएको छैन । | |
| १३. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले (SUTRA)सफ्टवेयर प्रयोजनमा ल्याएको देखिएन । पालिकाले स्वीकृत सफ्टवेयरमा आय-व्ययको हिसाव राखी हिसावकितावमा यथार्थपरक छ भनि विश्वस्त बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १४. | **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले खरिद गरेको कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| १५. | **योजना बनाई कार्यान्वयन गर्नुपर्ने** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउंपालिकाको आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानियहरुको विकासको लागि आवधिक, बार्षिक, मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नपर्ने व्यवस्था छ । गाउंपालिकाले स्थानिय स्तरको विकासको लागि आवधिक, बार्षिक, मध्यकालिन तथा दीर्घकालिन योजना तयार गरेको देखिएन । उक्त योजना तयार गर्ने कार्य कार्यान्वयन नभएको कारणले योजना तयार नभएको देखिन्छ । ऐनमा व्यवस्था भए अनुसार आवधिक, बार्षिक, मध्यकालिन तथा दीर्घकालिन योजना तयार नहुदा स्थानिय स्तरको विकास कार्यमा असर पर्दछ । स्थानियस्तरको विकासको लागि गाउंपालिकाले ऐनमा व्यवस्था भएअनुसार योजना बनाएर कार्यान्वयन गर्नुपर्दछ । | |
| १६. | **सम्भाव्यता अध्ययन नभएको** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(छ) मा गाउंपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा साधन श्रोतको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले तयार गरेका बार्षिक योजनाका सम्भाव्यता अध्ययन नभएको र योजना कार्यान्वयन तालिका एवं अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले कार्य नभएको देखिन्छ । योजनाको सम्भाव्यता अध्ययन नहुंदा र अनुगमन तथा मूल्यांकन योजना तयार नहुंदा योजनाले दिने प्रतिफल तथा प्रभावकारी कार्यान्वयनमा असर पर्दछ । योजनाको उदेश्य प्राप्तीको लागि योजनाको सम्भाव्यता अध्ययन गराएर अनुगमन तथा मूल्यांकन योजना बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । | |
| १७. | **खर्च शिर्षकगत हिसाव नराखेको** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट स्वीकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या २०७४ स्थानिय तहमा आर्थिक वर्ष २०७४।७५ देखि लागू गर्नपर्ने व्यवस्था छ ।गाँउपालिकाले खर्चका शिर्षक अनुसार म.ले.प. फा.नं. ८ मा हिसाव राखेको देखिएन । शिर्षकगत अभिलेख नरहदा खर्चको सीमाभित्र रही खर्च भए नभएको सुनिश्चित हुदैन । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ बमोजिम बजेट तयार गरी सोही अनुसार आय व्यय तथा खर्च गर्दा शिर्षकगत | |

| | | |
|---|---|---|
| | हिसाव म.ले.प. फाराम प्रयोग गरी हिसाव राख्नुपर्दछ । | |
| १८. | **कारोवारको लेखा**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । गाउपालिकाले यो वर्ष सञ्चितको कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी उल्लिखित प्रावधान बमोजिम सम्बन्धित मन्त्रालयहरु र आयोगमा पठाएको देखिएन । ऐन नियममा भएको प्रावधानको पालना हुनु पर्दछ । | |
| १९. | **न्यूनतम दररेट निर्धारण नभएको :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजन लागि निर्माण सामग्री, ज्याल, भाडा तथा महसुलको स्थानिय न्युनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनु पन्ध्र दिन अगावै तोकिसक्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले न्यूनतम दररेट निर्धारण गरेको देखिएन र जिल्लाबाट निर्धारण गरिएको दररेटलाई आधार लिएको देखियो । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नगरेको कारणले दररेट निर्धारण नभएको देखिन्छ । आफ्नो क्षेत्रभित्रको न्यूनतम दररेट निर्धारण नहुंदा लागत निर्माण तथा भुक्तानी कार्यमा यथार्थ एवं विश्वसनिय नहुन सक्दछ । ऐनमा व्यवस्था भए अनुसार गाउंपालिकाले प्रत्येक वर्ष आफ्नो क्षेत्रभित्रको न्यूनतम दररेट निर्धारण गर्नुपर्दछ । | |
| २०. | **स्थायी लेखा नम्वर नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरीद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर लिएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरीद गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले स्थायी लेखा नम्वर नलिएको उपभोक्ता समिति मार्फत कार्य भएको देखिन्छ । स्थायी लेखा नम्वर नहुंदा उपभोक्ता समितिको स्थायीत्व र राजश्व असुलीमा असर पर्दछ । उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यको स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितीबाट निर्माण कार्य गराउनु पर्दछ । | |
| २१. | **उपभोक्ता समिति दर्ता तथा नविकरण** : सार्वजनिक खरिद ऐन , २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउंदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना हुने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी कार्य गराउन सकिने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यका उपभोक्ता समितिहरु दर्ता तथा नविकरण नभएको, समितिहरुले विधान तयार नगरेको र कार्य सम्पन्न पश्चात् आयोजना हस्तान्तरण हुने नगरेकोले आयोजनाको उदेश्य पूरा हुने गरी स्थायी रुपमा समिति गठन भई निर्माण कार्य गरेको देखिदैन । उपभोक्ता समिति दर्ता तथा नविकरण सम्वन्धी स्पष्ट व्यवस्था नभएको कारणले दर्ता तथा नविकरण नभएको देखिन्छ । दर्ता तथा नविकरण नहुंदा स्वामित्व एवं जिम्मेवारी लिने कार्यमा असर पर्दछ । उपभोक्ता समिति दर्ता तथा नविकरण सम्वन्धी स्पष्ट व्यवस्था गरी समिति दर्ता तथा नविकरण गराएर समितिलाई जिम्मेवार बनाई निर्माण कार्य गराउनु पर्दछ । आयोजना सम्पन्न भएपछि आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजना हस्तान्तरण हुनुपर्दछ । | |
| २२. | **विवरण सार्वजनिक गराउने** : स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को बुदा ३.६ मा आय व्यय र भौतिक प्रगति विवरण मासिक, चौमासिक र बार्षिक रुपमा स्थानिय तहको कार्यालयमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले विवरण तयार गरी सार्वजनिक गराएको देखिएन । निर्देशिकाको कार्यान्वयन नगरेको र विवरण तयार नगरेको कारणले सार्वजनिक नभएको देखिन्छ । विवरण सार्वजनिक नहुंदा सर्वसाधारणलाई जानकारी नभएको देखियो । विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ । | |
| २३. | **राजस्व अभिलेख** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा राजश्व आर्जन गर्ने कार्यालयले बैंक भौचर संलग्न गरी गोश्वारा भौचर उठाई आम्दानी जनाई लेखा राख्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले स्थानिय सञ्चित कोषमा आम्दानी हुने रकमको राजश्वमा प्रयोग हुने म.ले.प. फारामहरु रसिद नियन्त्रण खाता राख्ने नगरेको, आम्दानी रसिद अनुसारको दैनिक राजश्व अभिलेख | |

| | | |
|---|---|---|
| | नराखेको, बैक दाखिला किताव नराखेको र आम्दानी रकमको बैंक भौचर संलग्न गरी गोश्वारा भौचर उठाउने नगरी बैंकमा जति रकम जम्मा भएको छ सोही रकमलाई आम्दानी देखाउने गरेको देखिन्छ । राजश्व लेखा अद्यावधिक नहुंदा यथार्थ आम्दानी एकिन गर्न सकिएन । राजश्वमा प्रयोग हुने म.ले.प. फारामहरु प्रयोग गरी राजश्व लेखा अद्यावधिक राख्नुपर्दछ । | |
| २४. | **तलबी प्रतिवेदन पारित नगरेको** : निजामती सेवा ऐन, २०४९ को दफा ७(क) बमोजिम निजामती कर्मचारीहरुलाई तलब भुक्तानी गर्दा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारित गराएर मात्र दिनुपर्ने र शिक्षक कर्मचारीहरको तलव भत्ता भुक्तानी गर्दा शिक्षक कितावखानाबाट तलवी प्रतिवेदन पारित गराएरमात्र तलव भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा गाउंपालिकाले स्वास्थ्य, कृषि, पशु, गाउंपालिका र शिक्षा क्षेत्रका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको हुनाले दरबन्दी, तलब र ग्रेड रकम भिडान गर्न सकिएन । तलबी प्रतिबेदन पारित नगरी तलब खर्च लेख्दा दरबन्दी भन्दा बढी कर्मचारीको तलव खर्च र ग्रेड रकम भुक्तानी हुनसक्ने हुनाले आ.व.को शुरु हुनु भन्दा अगावै तलबी प्रतिबेदन पास गराएर मात्र तलब भुक्तानी गरिनुपर्दछ । | |
| २५. | **साना योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट सिमामा आधारित भइ स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिले अन्तिम रुप दिइ कार्यपालिकामा प्रस्ताव गर्ने व्यवस्था छ । नगरपालिकामा २०७४।७५ मा सम्झौता भइ सञ्चालन भएका योजनाहरु मध्ये रु.५ लाख सम्मका रु.४,६६,७६,२४५।- रकम बराबरका २१५ योजना, रु.५ लाख देखि १० लाख सम्मका रु.२,६८,७१,६१४।- का ३६ योजना र रु.१० लाख भन्दा माथिका रु.२,७३,१५,२१३।- बराबरका १४ योजना छनौट भएको देखिन्छ । साना आयोजना कार्यान्वियन हुँदा प्राप्त हुनुपर्ने उपलब्धी प्रभावकारी नहुन सक्दछ । योजना छनौट तथा कार्यान्वयन गर्दा महत्वपूर्ण प्रतिफल दिनसक्ने ठुला योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ । | |
| २६. | **विद्युतीय पोल खरिद -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ सभामा बजेट पेश गर्ने र पारित गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को स्वीकृत बजेट तथा कार्यक्रममा विद्युतिकरणको लागी रु.१५,६८,२१८।२५ रकम बराबरको पोल खरिद भई वडालाई वितरण भएकोमा पोल खरिद गर्ने कार्यमात्र भई पोल गाड्ने एवं विद्युतिय लाइन जडान गर्ने कार्यको स्वीकृत कार्यक्रम तथा कार्य सम्पन्न भएको देखिएन । स्वीकृत कार्यक्रम तथा बजेट तयार गर्दा योजना अनुसार बजेट विनियोजन नभइ एकमुष्ट बजेट विनियोजन भएको कारणले योजनाको सम्पूर्ण कार्य पुरा भएको देखिएन । योजनाको कार्य पुरा नहुँदा योजनाबाट प्राप्त हुनुपर्ने उपलब्धी समयमा प्राप्त नहुन सक्ने देखिन्छ । स्वीकृत कार्यक्रम तथा बजेट तयार गर्दा योजना अनुसार बजेट तथा कार्यक्रम तयार गरी योजना अनुसार कार्य सम्पन्न हुनुपर्दछ । | |
| २७. | **विपद व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विपद व्यवस्थापन सञ्चालनको लागि विपद कोष स्थापना हुनुपर्ने व्यवस्था छ । विपद कोष स्थापना नगरी सोझै विपद व्यवस्थापन बापत आर्थिक सहायता खर्च गरेको रु.४,०८,९५,०००।- नियमानुसार देखिएन । विपद कोष व्यवस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि नहुँदा कोषमा रकम जम्मा गर्न र खर्च गर्ने मापदण्ड नहुने हुँदा खर्च गर्ने निश्चित आधार नहुने देखियो । विपद व्यवस्थापन खर्च गर्नको लागि कोष स्थापना र सञ्चालन सम्बन्धि कार्यविधि बनाएर खर्च गर्नु पर्दछ । | |
| २८. | **एकमुष्ठ बजेट विनियोजन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा योजना एवं शीर्षकगत बजेट बाँडफाँड गर्नुपर्ने व्यवस्था छ । सभाबाट पारित भएको वार्षिक बजेट तथा कार्यक्रममा योजना अनुसार बजेट विनियोजन नगरी निम्नानुसारको शीर्षकमा एकमुष्ठ बजेट विनियोजन गरेको देखियो । | |

| शीर्षक | बजेट रकम |
|---|---|
| जग्गा खरिद | १००००००० |
| कार्यालय भवन | १००००००० |
| वडा कार्यालय भवन | ३०००००० |

| | |
|---|---|
| आपतकालीन कोष | ३०००००० |
| गाउँपालिका कार्यक्रम | १७३६६७७० |
| प्रत्येक वडाको लागी रु.१,८०,००,०००।- को दरले ५ वटा वडाको लागी | ९०००००००० |

शुरु बजेट निर्माण गर्दा योजना अनुसार बजेट बाँडफाँड नगरी एकमुष्ठ बजेट विनियोजन गरी पछि योजना बाँडफाँड हुँदा स्वविवेकि आधारमा योजना बाँडफाँड हुन सक्ने देखिन्छ । ऐन नियममा व्यवस्था भए अनुसार शुरु बजेट निर्माण गर्दाको समयमा योजना अनुसार बजेट बाँडफाँड गरी कार्यान्वयन हुनुपर्दछ ।

२९. **उपभोक्ता समितिबाट भएको खरिद कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी कार्य गराउन सकिने व्यवस्था छ । उपभोक्ता समिति मार्फत भएका निम्न कार्यहरुमा मालसामान तथा निर्माण सामाग्री खरिद भएकोले रोजगारी सृजना तथा लाभग्राहीहरु सो कार्यमा सहभागी नहुने र उपभोक्ता समिति मार्फत खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमका प्रक्रिया पुरा गरेर प्रतिस्पर्धा गराई खरिद नभई सोभै खरिद भएकोले मितव्ययी समेत नहुने देखिएकोले खर्च नियमानुसार नदेखिएको रु. २१२१८९९४.५५

| भौ.नं. र मिति | योजना/उपभोक्ता समितिको नाम | खरिद गरेको फर्मको नाम | कार्य | रकम |
|---|---|---|---|---|
| ८/२०७५/३/२४ | सुनखानी फुटवल खेल मैदान निर्माण | मार्मिङ निर्माण सेवा | ब्रेकर भाडा | ५७८१५७.८९ |
| ८/२०७५/३/२४ | सुनखानी फुटवल खेल मैदान निर्माण | आयल स्टोर | इन्धन | ३७३२७५ |
| ८/२०७५/३/२४ | सुनखानी फुटवल खेल मैदान निर्माण | ढुवानी | | २००३१० |
| वडा.नं १-५/२०७५/१/२५ | डाक्लाङ्ग सुनखानी उ.स. | शुभकामना सेवा प्रा.लि. | मेशिन भाडा | ८५४६८६ |
| वडा.नं १-५/२०७५/१/२५ | डाक्लाङ्ग सुनखानी उ.स. | सिन्धु/उग्रचण्ड आयल स्टोर | इन्धन | ५८४९०५.७२ |
| वडा.नं १-५/२०७५/१/२५ | डाक्लाङ्ग सुनखानी उ.स. | ढुवानी | | १९५००० |
| वडा.नं १-१७/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | गणेश कुण्ड कम्पनी प्रा.लि. | मेशिन भाडा | १३६४४७५ |
| वडा.नं १-१७/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | शेर्पा इन्टरप्राइजेज र अन्य | इन्धन | ३८०६५४.२४ |
| वडा.नं १-१७/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | अपरेटर र ढुवानी | | २७५५०० |

| | | | | |
|---|---|---|---|---|
| वडा.नं १-१८/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | शुभकामना निर्माण सेवा प्रा.लि. | मेशिन भाडा | ३२८९४६ |
| वडा.नं १-१७/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | गणेश कुण्ड कम्पनी प्रा.लि. | मेशिन भाडा | ३४८८३१ |
| वडा.नं १-१७/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | शेर्पा इन्टरप्राइजेज | इन्धन | १३७४०७.५० |
| वडा.नं १-१७/२०७५/३/१८ | लिस्ती सेम्बुङ्गे दुधुले मोटरबाटो उ.स. | अपरेटर र अन्य | | २४२८७० |
| वडा.नं २-१७/२०७५/३/२६ | कोदारी भैरवकुण्ड सडक निर्माण उ.स. | लिस्ती तातोपानी एकता जे.वि | मेशिन भाडा | ६५४९४८ |
| वडा.नं २-१७/२०७५/३/२६ | कोदारी भैरवकुण्ड सडक निर्माण उ.स. | सिन्धु/अन्य | इन्धन, अपरेटर, ढुङ्गा आदि | १०९९४८० |
| वडा.नं २-१७/२०७५/३/२६ | तातोपानी कोदारी महिला समुह | रौनक हार्डवयर | सिमेन्ट/रड | ५००१७९.९९ |
| वडा.नं ३-३/२०७४/१२/१२ | गाङहुयल वोक्चेन छेताङ सडक | लिस्ती तातोपानी एकता जे.वि. | मेशिन भाडा | १६६२०४०.६४ |
| वडा.नं ३-३/२०७४/१२/१२ | गाङहुयल वोक्चेन छेताङ सडक | सिन्धु/अन्य | इन्धन, अपरेटर | ६००७८७.५० |
| वडा.नं ३-४/२०७५/२/१४ | गाङहुयल वोक्चेन छेताङ सडक | दिपतारा कन्स्ट्रक्सन प्रा.लि. | मेशिन भाडा | ८५४२८० |
| वडा.नं ३-४/२०७५/२/१४ | गाङहुयल वोक्चेन छेताङ सडक | सिन्धु/अन्य | इन्धन, अपरेटर | ४८९६२४.९८ |
| वडा.नं ३-१३/२०७५/३/१८ | दुमिथाङ दुगुनागढी टाङा टाविथाङ सडक | इन्धन, अपरेटर, तार, सिमेन्ट, ढुङ्गा, बालुवा | | २१४०३६५.१५ |
| वडा.नं ४-२/२०७५/१/१२ | पाङसेर्पू घिसिङ डाँडा छेताङ सडक | गुरु जवला कन्स्ट्रक्सन क. प्रा.लि. | मेशिन भाडा | ५०७८२२ |
| वडा.नं ४-२/२०७५/१/१२ | पाङसेर्पू घिसिङ डाँडा छेताङ सडक | सिन्धु लगायत | इन्धन अपरेटर | २७२३२२ |
| वडा.नं ४-२६/२०७५/१/१२ | हिन्वी कर्मसि खोल्सा नियन्त्रण | सिमेन्ट, ढुङ्गा, बालुवा | | ७२१७८३.५८ |
| वडा.नं ४-४६/२०७५/३/१९ | सेतिदेवी देउढुङ्गा कृषि सडक | गुरु जम्वला के.क.प्रा.लि. | मेशिन भाडा | ४०००२० |
| वडा.नं ४-४६/२०७५/३/१९ | सेतिदेवी देउढुङ्गा कृषि सडक | ज्वाला निर्माण सेवा | मेशिन भाडा | २३०७७४.२५ |

| | | | | |
|---|---|---|---|---|
| वडा.नं ४-४६/२०७५/३/१९ | सेतिदेवी देउढुङ्गा कृषि सडक | सिन्धु लगायत | ढुंगा, इन्धन, अपरेटर | १११००८७.९९ |
| वडा.नं ४-५१/२०७५/३/२४ | चाकु सोम्दास थामीगाउँ बाटो | मार्मिङ निर्माण सेवा | मेशिन भाडा | ११५२६०० |
| वडा.नं ४-५१/२०७५/३/२४ | चाकु सोम्दास थामीगाउँ बाटो | | इन्धन, ढुंगा, सिमेन्ट, रड | १६३२९२.२० |
| वडा.नं ५-२०/२०७५/३/७ | चाकु मार्मिङ चन्दुक देउढुंगा सडक | श्री कालीदेवी कन्स्ट्रक्सन | मेशिन भाडा | ४९१२११ |
| वडा.नं ५-२०/२०७५/३/७ | चाकु मार्मिङ चन्दुक देउढुंगा सडक | | इन्धन, ढुंगा, बालुवा | ८१८६६६.९२ |
| वडा.नं ५-६०/२०७५/३/२५ | विद्युत पोल खरिद उ.स. | मा शक्ति इन्जिनियरिङ एण्ड हाइड्रोपावर | पोल खरिद | १४८३६९० |
| | | | जम्मा | २१२१८९९४.५५ |

३०. **ामाशाहीले बाँडफाँड गरेको -** प्रत्येक वडालाई रु.१,८०,००,०००।- को दरले ५ वटा वडा को लागी रु.९,००,००,०००।- वार्षिक योजना विकास कार्यक्रमका लागि बजेट विनियोजन गरी प्रत्येक वडाका कार्यक्रममा बजेट बाँडफाँड गरिएकोमा प्रत्येक वडालाई दामाशाहीलाई बजेट बाँडफाँड गरेको नियमानुसार देखिएन । गाउँपालिकाका विकास निर्माणका योजनाहरु सञ्चालन गर्न योजना छनौट गरी बजेट विनियोजन नगरी प्रत्येक वडालाई दामाशाही बजेट विनियोजन गरी वडाका कार्यक्रम सञ्चालन गर्दा विकास निर्माणका कार्यक्रमहरु प्रभावकारी नहुन सक्दछन् । विकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि योजना छनौट एवं तर्जुमा समितिले बजेट सिमाका आधारमा बढी प्रतिफल दिने एवं महत्वपूर्ण योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ ।

३१. **कृत बजेट तथा कार्यक्रम कार्यान्वयन नभएको -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ अनुसार सभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम कार्यान्वयन हुनुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत निम्न कार्यक्रमहरु सञ्चालन भएको देखिएन ।

| कार्यक्रम | बजेट |
|---|---|
| कार्यालय भवन निर्माण | १०००००००० |
| वडा कार्यालय भवन निर्माण | ३०००००० |
| जग्गा खरिद | १०००००००० |
| आपतकालीन कोष | ३०००००० |

स्वीकृत बजेट तथा कार्यक्रमहरु सञ्चालन नहुँदा प्राप्त हुनुपर्ने उपलब्धीहरु प्राप्त हुन नसकेकोले स्वीकृत कार्यक्रमहरु समयमा सञ्चालन गरी उपलब्धी प्राप्त हुनुपर्दछ ।

३२. **सवारी साधन खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) मा उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) विधिबाट खरिद गर्दा कम्तीमा ७ दिन देखि १५ दिन सम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सकिने र यसरी खरिद गर्दा

<table>
<tr><td></td><td>आधिकारिक स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी निवेदन दर्ता गराई तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गरी न्यूनतम मूल्याङ्कित प्रस्तावद्धारा खरिद गर्न सकिने व्यवस्था छ । अग्नि इनकर्पोरेटेड प्रा.लि. बाट रु.३६,३९,१८३।- रकमको स्करपियो गाडि खरिद गर्दा न्यूनतम ७ दिन देखि १५ दिन सम्मको लिखित सूचना दिएको नदेखिएको र क्याटलग वा ब्रोसरमा आधिकारिक मूल्य नखुलेको र सार्वजनिक गरेको आधिकारिक मुल्य समेत नदेखिएकोले गाडि खरिद खर्च रकम नियमानुसार नदेखिएको रु.</td><td>३६३९१८३.००</td></tr>
<tr><td>३३.</td><td>आम्दानीको स्रोत एकीन गर्नुपर्ने - स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र कुनै कर लगाउन वा उठाउन नपाउने व्यवस्था छ । गाउँपालिकाले हाइड्रोपावर बापत प्राप्त रकम रु.७८,६९,९४०।- आम्दानी देखाएकोमा के बापत कति रकम प्राप्त हुनुपर्नेमा कति रकम प्राप्त भएको स्रोत खुलाएको देखिएन । स्रोत नखुलाई एकमुष्ठ आम्दानी देखाएको रकम कुन कानून वा सम्झौता बमोजिम प्राप्त गरेको हो स्रोत खुलाई प्राप्त हुनुपर्ने रकम प्राप्त भए नभएको सुनिश्चित गरी आम्दानी बाँध्नुपर्छ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>स्थानीय सञ्चित कोषबाट सोझै खर्च - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानिय सञ्चितकोषमा जम्मा भएको रकम सोझै खर्च गर्न नमिल्ने व्यवस्था छ । स्थानीय सञ्चितकोष खाताबाट खर्च खातामा ट्रान्सफर नगरी सोझै स्थानीय सञ्चित कोष खाताबाट रु.२१,११,२४३।- सोझै खर्च लेखेको देखीयो । नियम कानुनमा भएको प्रावधानको कार्यन्वयनमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>वडाको निर्णयले खर्च गरेको - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत हुनुपर्ने व्यवस्था छ। निम्न भौचरबाट वडा कार्यालयको खातामा रकम जम्मा गरी वडाको निर्णयले आयोजनामा निम्नानुसार खर्च गरेको देखीयो ।
<table>
<tr><th>भौचर नं. र मिति</th><th>वडा नं.</th><th>खर्च रकम</th></tr>
<tr><td>११/२०७४/१०/६</td><td>५</td><td>९२००००</td></tr>
<tr><td>४२/२०७५/३/३०</td><td>१</td><td>१९३७६३०</td></tr>
<tr><td>४२/२०७५/३/३०</td><td>२</td><td>११५७३९३</td></tr>
<tr><td>४२/२०७५/३/३०</td><td>३</td><td>११२००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५१३५०२३</td></tr>
</table>
सभाले स्वीकृत नगरेका योजनाहरु वडाको निर्णयले खर्च गर्दा कानूनको पालना नभएको देखियो । कानूनमा व्यवस्था भएअनुसार सभाबाट योजना स्वीकृत नगराइ र वडाको खातामा रकम जम्मा गराइ खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>मध्यभोटेकोशी हाईड्रोपावर प्राप्त अनुदान खर्च - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत हुनुपर्ने व्यवस्था छ। निम्न भौचरबाट मध्यभोटेकोशी हाईड्रोपावर प्राप्त अनुदान वडा कार्यालयको खातामा रकम जम्मा गरी वडाको निर्णयले आयोजनामा खर्च गरेको निम्न रकम नियमानुसार देखिएन ।
<table>
<tr><th>विषय</th><th>वडा नं.</th><th>खर्च रकम</th></tr>
<tr><td>९ वटा विद्यालयमा शिक्षक तलव</td><td>२</td><td>४०८९८१३.००</td></tr>
<tr><td>बाढी पिडित ८ जनालाई क्षतीपूर्ति</td><td>२</td><td>३८५००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७९३९८१३.००</td></tr>
</table>
सभाले स्वीकृत नगरेका योजनाहरु वडाको निर्णयले खर्च गर्दा कानूनको पालना नभएको देखियो । कानूनमा व्यवस्था भएअनुसार सभाबाट योजना स्वीकृत नगराइ र वडाको खातामा रकम जम्मा गराइ खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>अख्तियारी नभएको कार्यमा खर्च गरेको - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा</td><td></td></tr>
</table>

सभाबाट स्वीकृत बजेट अख्तियारी प्राप्त अधिकारीको लेखा राख्ने र खर्च गर्ने सम्पूर्ण उत्तरदायित्व हुने व्यवस्था छ । सभाले स्वीकृत नगरी एकमुष्ठ वडालाई रु.१ करोड ८० लाखका दरले रकम विनियोजन गरी वडाको खातामा रकम जम्मा गरी वडाको निर्णयले योजना बाँडफाँड गरी निम्नानुसार खर्च भएको रकम नियमानुसार देखिएन ।

| वडा नम्बर | योजना संख्या | खर्च रकम |
|---|---|---|
| १ | ३७ | १६६०६६५० |
